# यौन दूर्व्यवहार रोकथाम

平等機會委員會
EQUAL OPPORTUNITIES COMMISSION

## वैदेशिक घरेलु कामदार र उनीहरुका रोजगारदाताहरुको लागि एक गाइड







(Nepali)





## I. परिचय

यौन दूर्व्यवहार वैदेशिक घरेलु कामदारहरु (FDWs) को लागि कार्यस्थलमा हुने एक आम समस्या हो, किनकी उनीहरु मूख्यतया: नीजि घरायसी वातावरणमा काम गर्दछन् । समान अवसर आयोग (EOC) ले सन् 2014 मा गरेको सर्भेक्षणले 6.5 प्रतिशत FWDs हरुले विगत 12 महिनाको दौरानमा यौन दूर्व्यवहारको सामना गरेको पत्ता लगाएको थियो । रोगजारदाता/मालिकहरु तथा घरमा बस्ने अन्य व्यक्तिहरु यौन दूर्व्यवहार गर्ने प्राय: आम व्यक्ति (पीडक) हरु थिए ।

कार्यस्थलमा यौन दूर्व्यवहार हुनु गैरकानूनी हो । लिङ्ग भेदभाव अध्यादेश (SDO) ले सवैलाई, वैदेशिक घरेलु कामदारहरुलाई समेत, यौन दूर्व्यवहार तथा यौनजन्य प्रतिकूल कार्य वातावरणवाट संरक्षण गर्दछ । रोजगारदाता/मालिकसँग यौन दूर्व्यवहार मुक्त कार्यवातावरण उपलब्ध गराउनुपर्ने दायित्व रहेको हुन्छ ।

## कामदारहरुका लागि

## II. लिङ्ग भेदभाव अध्यादेश (SDO) अन्तर्गत आफ्ना हक अधिकारहरु थाहा पाऔं

यौन दूर्व्यवहारले सामान्यतया: नचाहिएको यौन आकर्षण भनेर दर्शाउँछ । कानून अन्तर्गत यौन दूर्व्यवहार दुई किसिमका हुन्छन् :

(1) कुनै पनि यौन प्रकृतिका अवाञ्छनीय कार्यहरु भएका परिस्थितिहरु, जसलाई कुनै विवेकी व्यक्तिले अर्को व्यक्ति (पीडित) ले अपमानित, हिनतावोध वा त्रास महसुस गरेको हुनसक्ने पूर्वानुमान गरेको परिस्थितिहरु ।

उदाहरण : छुने, यौनजन्य कुराहरु भन्ने, यौनजन्य आवाजहरु निकाल्ने वा हाउभाग देखाउने, कसैलाई छुन्छु भनेर भन्ने, वा कसैलाई शारीरिक सर्म्पकको लागि आग्रह गर्ने ।

(2) प्रतिकूल यौनजन्य कार्य–वातावरण, क्रियाकलाप, भाषा वा चित्रहरु जस्ता यौन प्रकृतिका कार्य वा वस्तु भएको काम गर्ने स्थान

उदाहरण : घरको कुनै सदस्यले अश्लील सामाग्री (फिल्म/भिडियो/पत्रिका आदि)घरमा हेर्ने वा तपाईंले काम गरिरहेको वेलामा उक्त सामाग्री हेर्ने, वा तपाईंको अगाडि कपडा बदल्ने, जसले तपाईंलाई डर महसुस गराउँदछ ।

घरेलु कामदारहरु विरुद्ध कार्यस्थलमा हुने यौन दूर्व्यवहारको संरक्षण निम्न वमोजिम लागू हुन्छ :

- महिला पुरुष दुवैका लागि, विपरित लिङ्गीको साथ–साथै समान लिङ्गी वीच हुने दूर्व्यवहार;
- एउटै परिसरमा वसोवास गर्ने सवै व्यक्तिहरुवाट हुने दूर्व्यवहार ;



यसो भएता पनि, दूर्व्यवहार भएको मानिनेछ :

- दूर्व्यवहारको मनशाय नभए पनि, दूर्व्यवहरको घटना एक पल्ट मात्र भएको भएता पनि वा कसैले पनि उक्त कार्य घटेको नदेखेको भएता पनि;
- विगतमा तपाईंले आफूलाई इच्छाविपरित दूर्व्यवहारमा आत्मसमर्पण गर्नुभएको वा दूर्व्यवहारको घटना पश्चात् पनि तपाईं उही रोजगारदाता/मालिककोमा काम गरिरहनु भएको भएता पनि ।

**Box 1:** मेरो रोजगारदाता/मालिकद्वारा मलाई यौन दूर्व्यवहार गरियो । मैले उनलाई उक्त कार्य गर्न रोक्नुहोस् अन्यथा EOC मा उजुरी गर्नेछु भनेर भनें । केहि दिन पश्चात् उनले मेरो करारको अन्त्य गरे । के EOC ले मलाई मद्दत गर्न सक्दछ ?

**उत्तर :** सक्दछ, यदि SDO अन्तर्गत तपाईंलाई उजुरी गरेको वा गर्ने मनशाय गरेको कारणले कम अनुकूलपूर्ण व्यवहार गरियो भने, तपाईं कानून अन्तर्गत संरक्षित हुनुहुन्छ तथा तपाईंले यौन दूर्व्यवहार र "उत्पीडन" सम्वन्धी उजुरी EOC मा दर्ता गर्नसक्नु हुन्छ । तपाईंले कसैलाई सहायता गरेको, जस्तो की साक्षीको रुपमा वयान दिएका, SDO अन्तर्गत उजुरी दर्ता गर्न वा कानूनी वाटो अप्नाउन सहयोग गरेको कारणले यदि तपाईंलाई कम अनुकूलपूर्ण व्यवहार गरिएको छ भनेपनि तपाईं संरक्षित हुनुहुन्छ ।

SDO ले वस्तु, सुविधा र सेवाहरुको प्रावधानमा यौन दूर्व्यवहार विरुद्ध पनि संरक्षण प्रदान गर्दछ । सेवाप्रदायकले सेवाग्राहीलाई यौन दूर्व्यवहार गर्नु र सेवाग्राहीले पनि सेवाप्रदायकलाई यौन दूर्व्यवहार गर्नु गैरकानूनी हुन्छ ।





**Box 2:** यौन दूर्व्यवहार SDO अन्तर्गत गैरकानूनी किटान गरिएको देवानी अपराध हो । यसको प्रकृति तथा गम्भीरताको आधारमा, केहि यौन दूर्व्यवहार कार्यहरु, जस्तो की पिछ्रा गर्ने वा बलत्कारले सोही समयमा फौजदारी मुद्दाको रुप पनि लिन सक्दछ ।

## III. यदि तपाईंले यौन दूर्व्यवहार सामना गर्नु भयो भने के गर्ने ?

- उत्पीडकलाई हुन्न (नाईं) भन्नुहोस् ।
- यदि उत्पीडक रोजगारदाता/मालिक होइन भने, रोजगारदाता/मालिकसँग शिकायत गर्नुहोस् ।

  आफ्नो रोजगारदाता/मालिकलाई आफ्नो शिकायतलाई गम्भीरतापूर्वक तथा उचितरुपमा लिनको लागि आग्रह गर्नुहोस् ।

- के के भएको थियो टिप्नुहोस्, विस्तृत विवरण जस्तो मिति, समय, र घटना भएको ठाँउ समेत । उक्त व्यक्तिले के भनेको थियो तथा के गरेको थियो, पनि समावेश गर्नुहोस् । साथसाथै घटना हुँदा को को थिए पनि टिप्नुहोस् ।
- साथी, एनजिओ, कामदार यूनियन, महावाणिज्य दूतावास वा अन्य संघसंस्थाको सहायता लिनुहोस् ।

  EOC को यौन दूर्व्यवहार विरोधी स्रोतसामाग्रीको वेवपेज www.eoc.org.hk मा उपलब्ध उपयोगी लिङ्क तथा सहयोगी संघसंस्थाहरुको जानकारी समेत हेर्नुहोस् ।

- EOC मा उजुरी दर्ता गर्नुहोस् वा जिल्ला अदालतमा देवानी मुद्दा दायर गर्नुहोस् ।

  EOC मा घटना घटेको मितिले 12 महिना भित्रमा उजुरी दर्ता गर्न सकिनेछ । कानुनी कार्यवाही जिल्ला अदालतमा घटना घटेको 24 महिना भित्रमा गरिसक्नुपर्ने छ ।

- यदि दूर्व्यवहारको कार्यमा अश्लील हातपात वा बलत्कार समावेश भएमा, प्रहरीवाट मद्दत लिनुहोस् ।

  कुनै प्रकारका यौन दूर्व्यवहारहरु, जस्तो की अश्लील हातपात (सहमति बेगरको यौन प्रकृतिका क्रियाकलापहरु/व्यवहारहरु, उदाहरणको लागि : जबरजस्ती छुने, चुम्वन वा मुखमैथुन गर्ने) फौजदारी अपराध हुन पनि सक्दछन् । पीडित व्यक्तिले उक्त घटनाको बारेमा प्रहरी कार्यालयमा रिपोट गर्ने वा अन्य संघ/संस्थावाट मद्दत लिने सम्वन्धमा सोंच बिचार गर्न सक्नेछन् । यसको साथसाथै EOC मा पनि उजुरी दर्ता गर्न सकिनेछ ।



## IV. रोजगारदता/मालिकहरुका लागि SDO अन्तर्गत आफ्ना जिम्मेवारीको बारेमा बुझाइ

घरेलु कामदारहरुका रोजगारदाता/मालिकहरुसँग उनीहरुको घर यौन दूर्व्यवहार मुक्त कार्यस्थल भएको सुनिश्चितता गर्नुपर्ने जिम्मेवारी रहेको हुन्छ ।

रोजगारदाता/मालिकका साथसाथै घरमा वस्ने सबै व्यक्तिहरुले आफ्ना घरेलु कामदारलाई यौनजन्य दूर्व्यवहार गरेको खण्डमा उनीहरु व्यक्तिगतरुपमा जवाफदेही हुन सक्दछन् । एक भन्दा बढी घरेलु कामदार भएका रोजगारदाता/मालिकहरुको हकमा, यदि उनीहरुको कुनै एक कामदारले अर्को घरेलु कामदारलाई  यौन दूर्व्यवहार गरेमा उक्त यौन दूर्व्यवहार बारेमा उनीहरुलाई थाहा नभएको भएता पनि उनीहरु भिकारियस्ली जवाफदेही हुन सक्दछन् । तर उनीहरुले यस्ता कार्यहरु रोकथाम गर्नको लागि उचीत कदमहरु चालेको खण्डमा भने उनीहरु जवाफदेही हुने छैनन् ।

प्रश्न : मेरी बैदेशिक घरेलु कामदारले उनीलाई कुनै पाहुना, जो घरमा वस्दैनन्, ले यौन दूर्व्यवहार गरेको सुचित गरिन् । मैले के गर्नु पर्छ ?

उत्तर : यदि तपाईंलाई दूर्व्यवहारको बारेमा सुचित गरिएको छ तथा तपाईंले उक्त उजुरीलाई निष्पक्ष तवरले सम्वोधन गर्न कुनै उचीत कदमहरु चाल्नु भएन भने, तपाईंलाई गैरकानूनी कार्य हुनमा सहयोग गरेकोमा जवाफदेही ठहऱ्याउन सकिने छ ।

कामदारले यौन दूर्व्यवहार सम्वन्धी उजुरी दर्ता गरेको वा दर्ता गर्ने योजना वनाएको कारणले रोजगारदाता/मालिकहरुले आफ्ना घरेलु कामदारहरुलाई उत्पीडीत गर्नु पनि गैरकानूनी हुन्छ, जस्तो की उनीहरुलाई कम अनुकूलपूर्ण तरिकाले व्यवहार गर्नु वा उनीहरुको करार रद्द वा खारेज गर्नु ।

रोजगारदाता–कामदारको सम्वन्धलाई सौहार्दपूर्ण रहिरहन मद्दत गर्नको लागि, जुन कामदारलाई काम गरिरहन र काम छाडेर नजानको लागि महत्वपूर्ण हुने हुंदा EOC ले रोजगारदाताहरुलाई उनीहरुको घरमा सम्मान/आदरको संस्कार सिर्जना गर्नका लागि पहल गरेर केहि कदमहरु चाल्नको लागि प्रोत्साहित गर्दछ । यसमा घरका सवै सदस्यहरु र कामदाहरु कानून अन्तर्गत उनीहरुको हकअधिकार र जिम्मेवारीहरुको वारेमा अवगत भएको तथा यौन दूर्व्यवहारका कुनै पनि उजुरीहरुलाई निष्पक्ष र तदरुक्ताकासाथ हेरिने सुनिश्चितता गर्नुपर्ने कार्यहरु पर्दछन् ।





## V. EOC मा उजुरी दर्ता

घटना घटेको 12 महिना भित्रमा उजुरी EOC मा लिखतमा दर्ता गरिसक्नु पर्नेछ । उजुरीहरु अनलाइन, हुलाक, फ्याक्स्, इ–मेल मार्फत वा स्वयं EOC को कार्यालयमा गएर वुझाउन सकिन्छ । यदि तपाईंलाई भाषा सम्वन्धी समस्या छ भने, आग्रह गरिएमा हामीले तपाईंका लागि दोभाषेको व्यवस्था पनि गर्न सक्नेछौं ।

उजुरी प्राप्त गरे पश्चात्, EOC ले प्रारम्भिक मूल्यांकन गर्नेछ र पक्षहरुलाई कतै उनीहरु अनुसन्धान गर्नु अगावै "द्रुत मध्यस्तता"को प्रक्रिया मार्फत विवादलाई मिलापत्र गर्नका लागि इच्छुक छन् भनी सोध्ने छ । । अन्यथा, EOC ले उजुरीको सम्वन्धमा अनुसन्धान गर्नेछ तथा मध्यस्तता मार्फत मिलापत्र गर्नको लागि प्रोत्साहन गर्न सक्ने छ । कानून अन्तर्गत, EOC ले अनुसन्धान नगर्ने अथवा अनुसन्धानलाई रोक्न वा बन्द गर्न पनि सक्नेछ ।

यदि मिलापत्र गर्न सकिएन भने, EOC मा उजुरीवालाले अन्य किसिमका सहायताहरु, कानूनी सहायता समेतको लागि आवेदन दिन सक्नेछन् ।

平 等 機 會 委 員 會
EQUAL OPPORTUNITIES COMMISSION

## VI. हाम्रो सम्पर्क ठेगाना

Equal Opportunities Commission (समान अवसर आयोग)
16 तल्ला, 41 हयोङ्ग यिप रोड (Heung Yip Road)
वङ्ग चुक हाङ्ग, (Wong Chuk Hang) हङ्गकङ्ग
हटलाइन नं. : 2511 8211
यसएमएस सेवा : 6972566616538 (श्रवण/वाक समस्या भएका व्यक्तिहरुको लागि)

इमेल : eoc@eoc.org.hk
वेवसाइट : http://www.eoc.org.hk

कार्यालय समय : सोमवार देखि शुक्रवार विहान 8:45 देखि वेलुकि 5:45 सम्म

(आग्रह गरेमा दोभाषे सेवा उपलब्ध गराउन सकिने छ, जुन उपलब्धतामा भर पर्नेछ)

# EMbRACE

## Respect, value, support racial equality

## 種族平等•由尊重開始

A Campaign by the Equal Opportunities Commission
由平等機會委員會推動


平等機會委員會
EQUAL OPPORTUNITIES COMMISSION

| | |
|---|---|
| **地址 Address** | : 香港黃竹坑香葉道 41 號 16 樓 |
| | : 16/F., 41 Heung Yip Road, Wong Chuk Hang, Hong Kong |
| **電話 Tel** | : 852-2511 8211 |
| **傳真 Fax** | : 852-2511 8142 |
| **電子郵箱 Email** | : eoc@eoc.org.hk |
| **網址 Website** | : www.eoc.org.hk |
| **短訊查詢服務** यसएमयस सेवा | : 6972566616538 (供聽障 / 有語言障礙人士使用 श्रवण/वाक समस्या भएका व्यक्तिहरुको लागि) |


EOC को कामको वारेमा जानकारी EOC को मोवाइल याप्स्वाट प्राप्त गर्न सकिन्छ :
Information about the work of the EOC
can be accessed via the EOC mobile apps:

Download on the App Store — Download EOC iPhone App

ANDROID APP ON Google play — Download EOC Android App

May 2018